## सम्पादकीय

# कृषि उत्पादनमा आत्मनिर्भरता मात्र पर्याप्त होइन

कोशी प्रदेशले आर्थिक वर्ष २०८१/०८२ मा कृषिक्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ। कुल ११ लाख ८२ हजार मेट्रिक टन वर्षे धान उत्पादन हुनु र अन्य बालीहरूको उत्पादनमा पनि वृद्धि हुनु प्रदेशको खाद्य सुरक्षाको दिशामा सकारात्मक सङ्केत हो । खासगरी धान उत्पादन ३.१९ प्रतिशतले बढ्नु, मकै, आलु, गहुँ, सुन्तला, च्याउ आदिको उत्पादनमा भएको प्रगति र ६ लाख ९७ हजार मेट्रिक टन खाद्यान्न बचत हुनु स्वावलम्बी बन्ने यात्रामा प्रदेशको सफलतालाई देखाउँछ। तर, यी सबै तथ्याङ्कको चमकभित्र केही महत्वपूर्ण चुनौती र प्रश्नहरू ओझेलमा परेका छन् । कृषि उत्पादनको आधारभूत पूर्वाधारमध्ये सिँचाइ अत्यावश्यक हो । तर, सात लाख १३ हजार हेक्टर खेतीयोग्य जमिनमध्ये जम्मा दुई लाख ७५ हजार हेक्टरमा मात्र धान खेती हुनुले सिँचाइको चरम्अभाव स्पष्ट्याउँछ । आजको युगमा आकाशे पानीमा भर परेर समृद्ध कृषि सम्भव छैन । प्रदेश सरकार र सङ्घीय सरकारले दीर्घकालीन सिँचाइ परियोजनामा लगानी नगर्ने हो भने यो 'उत्पादन बढ्यो' भन्ने संक्षिप्त कथाले दीर्घकालीन असफलता लुकाउन किमार्थ सकिँदैन ।

धेरै बालीहरूमा उत्पादकत्व (प्रतिहेक्टर उत्पादन) औसतस्तरको भए पनि अन्तर्राष्ट्रिय वा राष्ट्रिय प्रतिस्पर्धाको तुलनामा अझै सुधार आवश्यक देखिन्छ । उदाहरणका लागि धानको ४.२९ मेट्रिक टन प्रतिहेक्टर उत्पादकत्व विश्वको अग्रणी धान उत्पादक मुलुकहरूसँग तुलना गर्दा न्यून हो । यस्तै अलैँचीको उत्पादनमा ५.७५ ले आएको गिरावटले निर्यातमा समेत असर पर्न सक्छ। बजार पहुँच, भण्डारण सुविधा, प्रशोधन उद्योग र मूल्य स्थायित्व नहुँदा उत्पादन बढे पनि किसान लाभमा छैनन् । थोक मूल्य घट्दा किसान घाटामा जान्छन् भने खुद्रा बजारमा उपभोक्ता महँगी सहन बाध्य हुन्छन् । यस खालको विसङ्गतिलाई सम्बोधन नगरेसम्म कृषि समृद्धिको नारा केवल नारामै सीमित हुनेछ ।

निर्देशनालयले एक व्यक्तिको वार्षिक १ सय ९१ केजी खाद्यान्न आवश्यकतालाई आधार मानेर खाद्यान्नमा आत्मनिर्भर भएको दाबी गरे पनि प्रश्न उठ्छ – के त्यो आत्मनिर्भरता सबै जात-जाति, वर्ग र भौगोलिक क्षेत्रका लागि समान रूपमा लागू छ त ? जनसङ्ख्या वितरण र खाद्य पहुँचको विषमता, वर्गीय असमानता तथा समुचित वितरण प्रणालीको अभावले अझै पनि धेरै समुदायहरू भोकमरी र कुपोषणको चपेटामा छन् । आत्मनिर्भरता तब मात्र सार्थक हुन्छ, जब त्यो न्यायसङ्गत र समावेशी हुन्छ । कोशी प्रदेशले कृषि उत्पादनमा गरेको प्रगति स्वागतयोग्य छ । तर, उत्पादन वृद्धि मात्र पर्याप्त छैन-पूर्वाधार विकास, वैज्ञानिक कृषि प्रणालीको विस्तार, सहुलियत ऋण, सिँचाइ सुविधा, कृषक शिक्षादेखि लिएर बजार सञ्जालसम्म सुधार जरुरी छ । कृषि केवल खाद्य आपूर्तिको प्रश्न होइन । यो रोजगारी, औद्योगिक कच्चा पदार्थ, पर्यावरणीय सन्तुलन र ग्रामीण अर्थतन्त्रको मेरुदण्ड पनि हो। त्यसैले यसको समग्र सुधारमा गम्भीर ध्यान दिनु बाञ्छनीय हुनेछ ।

# पाँचकन्या स्वास्थ्य चौकीको स्तरोन्नति गरिएको भवनको उद्घाटन



धरान *(ब्लाष्ट)* प्रदेश सरकार स्थास्थ्य मन्त्रालयको सहयोगमा धरान-५ स्थित स्तरोन्नति भएको पाँचकन्या स्वास्थ्य चौकी भवनको उद्घाटन गरिएको छ ।

कोशी प्रदेश सभा सदस्य यशोदा कायस्थले बिहीबार उक्त भवनको उद्घाटन गरिन् । उद्घाटन कार्यक्रममा ५ नं. वडाध्यक्ष मनप्रसाद लिम्बू, वडा सदस्य विजय राई, सुनिता राई, प्रेमबहादुर दाहाल र शान्तामाया विश्वकर्मा, पाँचकन्या स्वास्थ्य विभाग प्रमुख चन्द्रप्रसाद खनालगायतको उपस्थिति रहेको थियो ।

कायस्थको पहलकदमीमा प्रदेश सरकारबाट १५ लाख बजेट ल्याई भवनको स्तरोन्नति गरिएको वडाध्यक्ष मनकुमार लिम्बूले बताए । ग्रामीण क्षेत्रका स्थानीयवासी सामान्य स्वास्थ्य सेवा लिनबाट बञ्चित नहोऊन् भनेर भवनको स्तरोन्नति गरी थप सेवा सुविधाहरू थपिने वडाध्यक्ष लिम्बूले बताए ।

# जल सम्पदा र संरक्षणमा प्रदेश सरकारको भूमिका



खेमचन्द्र वस्ती

नेपालको पूर्वी भू-भागमा अवस्थित कोशी प्रदेश प्राकृतिक स्रोत साधनमा अत्यन्त धनी क्षेत्र हो । यहाँको भौगोलिक विविधता, जलवायु, नदी, खोला, तालतलैया, र हिमनदीहरूले भरिपूर्ण यो प्रदेशले जलस्रोतका हिसाबले अपूर्व महत्त्व राख्दछ । कोशी नदी प्रणाली र यसका सहायक नदीहरूले प्रदेशका जनजीवन, कृषि, उद्योग, ऊर्जा, पर्यटन र वातावरणलाई जीवन्त बनाउने कार्य गर्छन् । यी जलस्रोतहरू न केवल मानिसहरूको दैनिक आवश्यकताका लागि आवश्यक पानी पुऱ्याउने स्रोत हुन्, बरू प्रदेशको आर्थिक विकास र वातावरणीय सन्तुलनको आधार पनि हुन् ।

तर, पछिल्ला वर्षहरूमा जलस्रोतको दोहन, अनियन्त्रित विकास, जलवायु परिवर्तन, जनसङ्ख्या वृद्धि र असमान उपयोगका कारण कोशी प्रदेशमा जलस्रोतमा खतराको सङ्केत देखिन थालेको छ । बाढी, कटान, पहिरो, जल प्रदूषण र जलचक्रको असन्तुलनले जनजीवनमा नकारात्मक प्रभाव पारिरहेको छ । यस अवस्थामा प्रदेश सरकारको दायित्व बढी महत्त्वपूर्ण हुन जान्छ ।

प्रदेश सरकारले जलस्रोत संरक्षणका लागि के कस्ता नीति र कार्यक्रम ल्याएको छ ? ती कार्यक्रम कत्तिको प्रभावकारी छन् ? प्रदेश सरकारले सामना गरिरहेका चुनौतीहरू के के हुन् ? भविष्यमा जल संरक्षण र सदुपयोगका लागि के कदम चाल्नुपर्छ ? यी सबै विषयमा यो लेखमा विस्तारका साथ छलफल गर्ने प्रयास गरेको छु । कोशी प्रदेशमा बहने मुख्य नदीहरू जस्तैः सप्तकोशी, अरुण, तामोर, सुनकोशीले प्रदेशलाई जल सम्पदामा धनी बनाएका छन् । यी नदीहरूले पहाडी र तराई क्षेत्रमा सिँचाइ सुविधा, जलविद्युत् उत्पादन, जलयातायात र जैविक विविधताको संरक्षणमा ठूलो योगदान पुऱ्याउँछन् । यहाँको हिमाली क्षेत्रबाट अवतरण गर्ने हिमनदीहरू पनि निरन्तर पानी आपूर्ति गर्ने स्रोतहरू हुन् ।



प्राकृतिक स्रोतको संरक्षणमा सरकारको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । कोशी प्रदेश सरकारले जलस्रोत संरक्षणलाई प्राथमिकता दिने उद्देश्यले विभिन्न नीति तथा योजना तयार गरेको छ । खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय स्थापना गरी विभिन्न कार्यक्रम सञ्चालनमा ल्याइएको छ । तर, नीति र कार्यान्वयनबीच अन्तर रहनुले कामको प्रभावकारिता कम भएको छ । विगत केही वर्षयता प्रदेश सरकार र स्थानीय सरकारहरूले साना सिंचाइ आयोजना, वर्षाजल सङ्कलन, नदी संरक्षण, जलस्रोत व्यवस्थापन र जनसहभागितामा आधारित परियोजनाहरू सञ्चालन गरिरहेका छन् । स्थानीय तहसँग समन्वय गरेर जल संरक्षणसम्बन्धी कार्यक्रमहरू अगाडि बढाइरहेको छ । तर अझै पनि स्रोतको अभाव, जनशक्ति कमी, प्राविधिक क्षमता अभाव, र स्थानीय समुदायको जागरुकता कम हुने समस्याले जल संरक्षणमा बाधा पुऱ्याएको छ । जल संरक्षण र व्यवस्थापनमा प्रविधिको भूमिका बढ्दै गएको छ । स्मार्ट वाटर मेनेजमेन्ट, डिजिटल रिमोट सेन्सिङ, जलस्तर मापन उपकरण र मौसम पूर्वानुमान प्रणालीहरूको प्रयोगले जलस्रोतको दिगोपना र सदुपयोगमा मद्दत पुऱ्याउन सक्छ । कोशी प्रदेश सरकारले यस्ता प्रविधिको प्रयोगमा लगानी बढाउनुपर्ने आवश्यकता देखिन्छ। जल प्रदूषण नियन्त्रणमा पनि प्रदेश सरकारले औद्योगिक, कृषि र घरेलु स्रोतबाट आउने फोहोर पानी व्यवस्थापनमा ध्यान दिनुपर्छ। खोलानाला सफाइ, फोहोर व्यवस्थापन, र दिगो जल प्रवाह कायम राख्न स्थानीय तहसँग मिलेर काम गर्नुपर्ने हुन्छ । जल प्रदूषणले मात्र होइन, नदी कटान, अवैध उत्खनन् र निर्माण कार्यले पनि जलस्रोतलाई खतरा पुगेको छ ।

कोशी प्रदेशका विभिन्न जिल्लाहरूमा जलस्रोत संरक्षणका लागि समुदायको सहभागिता बढाउन प्रदेश सरकारले जनचेतना अभिवृद्धि, तालिम र अनुदान कार्यक्रम सञ्चालन गर्नुपर्छ । जलस्रोत संरक्षणमा स्थानीय जनताको प्रत्यक्ष भूमिका नहुँदा संरक्षणको प्रभावकारिता कमजोर हुन्छ । जल संरक्षण र सदुपयोगमा सहभागी हुन जनतालाई उत्प्रेरित गर्नु आवश्यक छ ।

प्रदेश सरकारले जलस्रोतको दिगो व्यवस्थापनका लागि नीति, योजना र कार्यक्रमहरू बनाउने क्रममा नेपाल सरकार र अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय गर्नुपर्छ । जलवायु परिवर्तनका प्रभावहरूलाई मध्यनजर गर्दै अनुकूलन र क्षमता अभिवृद्धि कार्यक्रम अगाडि बढाउन आवश्यक रहेको छ । सिंचाइ प्रणालीमा सुधार गरी पानीको सदुपयोगलाई प्रवर्द्धन गर्नु अत्यावश्यक छ । पारम्परिक सिँचाइ विधिहरूलाई आधुनिक प्रविधिसँग समायोजन गरेर पानीको खपत घटाउन सकिन्छ । साना सिँचाइ आयोजना मात्र होइन, ठूला सिंचाइ परियोजनामा पनि प्रदेश सरकारले लगानी गर्नुपर्ने हुन्छ । जलविद्युत् उत्पादनमा कोशी प्रदेशले ठूलो सम्भावना बोकेको छ । अरुण, तमोरलगायतका नदीमा आयोजना निर्माण गरी प्रदेशको ऊर्जा आपूर्ति दिगो बनाउन सक्छ। यसले प्रदेशलाई आर्थिकरूपमा सबल बनाउनेछ र स्थानीय जनताको जीवनस्तर सुधार गर्नेछ ।

जल पर्यटन प्रवर्द्धन गर्दै प्रदेश सरकारले स्थानीय स्रोतलाई संरक्षण गर्न सक्छ । जलाशय, ताल, झरना र नदी किनारका पर्यटकीय स्थलहरूलाई व्यवस्थित गरी पर्यटनको माध्यमबाट प्रदेशको आर्थिक विकास गर्न सकिन्छ । समग्रमा, कोशी प्रदेशको जल सम्पदा संरक्षण र सदुपयोगमा प्रदेश सरकारको भूमिका बहुआयामिक र महत्त्वपूर्ण छ । नीति, योजना, प्रविधि, जनसहभागिता र समन्वयका माध्यमबाट जलस्रोतलाई दिगो बनाउन प्रदेश सरकारले निरन्तर प्रयास गर्नुपर्छ । जल स्रोत मात्र होइन, जीवनको आधार हो र त्यसको संरक्षण हाम्रो कर्तव्य पनि हो ।

कोशी प्रदेशको जलस्रोत संरक्षणमा आउने चुनौतीहरू बहुआयामिक छन् । यी चुनौतीहरूको पहिचान गरेर तिनको समाधान खोज्न प्रदेश सरकारले ठोस योजना र दिगो रणनीति अपनाउनु पर्छ । पहिलो चुनौती भनेको जलवायु परिवर्तन हो, जसले जलस्रोतहरूको उपलब्धता र प्रवाहमा अनिश्चितता ल्याएको छ । हिमाली क्षेत्रका हिमनदी पग्लन थालेका छन् भने वर्षाका परिमाण र वितरणमा अप्रत्याशित परिवर्तन देखिएको छ। यसले नदीहरूमा बाढीको जोखिम र सुख्खा परेका क्षेत्रहरूको समस्या दुवै बढाएको छ ।

दोस्रो चुनौती हो, जनसङ्ख्या वृद्धि र सहरीकरण । कोशी प्रदेशका सहरी क्षेत्रहरू तीव्र गतिमा विस्तार हुँदै गएका छन् । विराटनगर, विराटचोक, धरान, धनकुटा, म्याङ्लुङ, सल्लेरी, फिदिम, इटहरी, बिर्तामोड, दमकजस्ता सहरहरूमा पानीको माग बढ्दो छ । यद्यपि आपूर्ति प्रणाली पूर्णरूपमा सुदृढ छैन । यसले उपभोक्ताहरूलाई अनियमित र अपर्याप्त पानीको सामना गराउँछ । नालामा फोहोर पानी मिसाउने, खोलानालाको संरक्षण नगर्ने प्रवृत्तिले जल प्रदूषणमा वृद्धि गर्छ ।

तेस्रो चुनौती हो अवैध उत्खनन् र नदी कटान । नदी तट र खोलानालामा हुने अवैध बालुवा, गिट्टी उत्खनन्ले नदीको प्राकृतिक बहावमा बाधा पुऱ्याउँछ। यसले बाढीको जोखिम बढाउँछ र जनजीवनमा क्षति पुऱ्याउँछ । यस्ता गतिविधिलाई रोक्न कडा निगरानी र कानूनको प्रबन्ध गरी कारबाही प्रक्रिया अगाडि बढाउनु आवश्यक छ ।

चौथो चुनौती हो, प्राविधिक र आर्थिक अभाव । प्रदेश सरकारसँग जलस्रोत संरक्षणका लागि आवश्यक प्रविधि, वित्तीय स्रोत र जनशक्ति सीमित छन् । यसले दीर्घकालीन योजना कार्यान्वयनमा बाधा पुऱ्याउँछ । साथै, स्थानीय तहहरूसँग समन्वय र क्षमता अभावले कार्य प्रभावकारी हुन सकिरहेको छैन ।

यसरी विविध चुनौतीहरूको सामना गर्दै प्रदेश सरकारले के-के कार्यक्रम सञ्चालन गरिरहेको छ ? जल संरक्षणका लागि ल्याइएका नीति र योजना कस्ता छन् ? यसको अवलोकन आवश्यक छ । साना सिँचाइ आयोजना विस्तार गरेर कृषकहरूलाई सिँचाइ सुविधा उपलब्ध गराउने काम भइरहेको छ । वर्षाजल संकलन प्रविधि र सौर्य ऊर्जा प्रयोगमा जोड दिइएको छ। नदी किनारामा तटबन्ध निर्माण गरी बाढी नियन्त्रणमा प्रयास भइरहेको छ । प्रदेश सरकारले स्थानीय समुदायलाई जलस्रोत संरक्षणमा सहभागी गराउने कार्यक्रम पनि अघि बढाएको छ । जल उपभोक्ता समितिहरू गठन गरी तिनीहरूलाई जलस्रोतको संरक्षण र व्यवस्थापनमा संलग्न गराउने कार्य जारी छ । यसले जनसहभागितालाई वृद्धि गर्दै दिगो संरक्षणमा मद्दत पुऱ्याउँछ । अन्ततोगत्वाः यस्ता प्रयासहरू अझै पर्याप्त छैनन् । नीति र योजना कार्यान्वयनबीच अन्तर छ । बजेट अभाव, प्रविधिको कमी, जनशक्ति र प्रशिक्षण अभावले कार्यलाई कमजोर बनाएको छ । जल संरक्षणमा दीर्घकालीन योजना र वैज्ञानिक आधारको आवश्यकता छ ।

प्रदेश सरकारले जलस्रोत संरक्षणमा प्रविधिको प्रयोग पनि बढाउनु पर्छ । जलस्रोतको निरन्तर अनुगमन गर्न डिजिटल प्रविधि, स्याटेलाइट इमेजिङ, जलस्तर मापन उपकरणहरू प्रयोग गर्न सकिन्छ । मौसम पूर्वानुमान प्रणाली सुधार गरेर बाढी जोखिम न्यूनीकरणमा सहयोग पुऱ्याउन सकिन्छ । जल प्रदूषण नियन्त्रणका लागि औद्योगिक क्षेत्रहरूमा कडा नियम लागू गर्नुपर्छ । नगरपालिकाहरूमा फोहोर व्यवस्थापन सुधार्नु पर्नेछ । नालामा फोहोर पानी मिसाउने कार्यमा रोक लगाउन जनचेतना अभिवृद्धि आवश्यक छ। जल संरक्षणसँगै जलविद्युत् परियोजनाहरूको दिगो विकास पनि प्रदेश सरकारको प्राथमिकता हुनुपर्छ । ठूला जलविद्युत् आयोजनाले मात्र होइन, साना जलविद्युत् आयोजना र माइक्रो हाइड्रो परियोजनाले समेत स्थानीय विकासमा ठूलो योगदान पुऱ्याउन सक्छ। कोशी प्रदेशको जल सम्पदा संरक्षणका लागि सम्बन्धित सङ्घ-संस्थाहरू, शैक्षिक संस्था, स्थानीय सरकार, निजी क्षेत्र र नागरिक समाजलाई समन्वय गरिनुपर्छ । एकल प्रयासले मात्र समस्या समाधान हुँदैन । समन्वयात्मक र बहुक्षेत्रीय सहकार्य आवश्यक छ ।

यस प्रकार, कोशी प्रदेशको जलस्रोत संरक्षण र व्यवस्थापनमा प्रदेश सरकारले भूमिका निहित तर प्रभावकारी बनाउने चुनौतीहरू छन् । यथार्थमा प्रदेश सरकारले जल संरक्षणलाई दिगो विकासको मुख्य आधार बनाउनु पर्नेछ ।

कोशी प्रदेशमा जल सम्पदा संरक्षणका लागि प्रदेश सरकारले सञ्चालन गर्ने कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउन समुदायमा आधारित व्यवस्थापन अत्यावश्यक छ। जलस्रोतहरूको संरक्षणमा स्थानीय समुदायको जागरुकता र सहभागिता नभए सफल कार्यान्वयन सम्भव हुँदैन । यसका लागि प्रदेश सरकारले स्थानीय तहहरू, ग्रामीण जल उपभोक्ता समितिहरू र गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सामूहिक प्रयासहरू अघि बढाउनु पर्छ । जल संरक्षणका लागि ग्रामीणभेगमा जल नियन्त्रण, पानी बचत प्रविधि प्रवर्द्धन र वर्षाजल सङ्कलनका योजना लागू गरिनुपर्छ । स्थानीयस्तरमा विभिन्न तालिम र जनचेतना कार्यक्रमहरू सञ्चालन गरी जनताको सक्रिय सहभागिता सुनिश्चित गर्न आवश्यक छ ।

यसैगरी प्रदेश सरकारले जलस्रोत संरक्षणमा प्रविधि र नवप्रवर्तनको प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ । जलस्रोतको संरक्षण र अनुगमनमा ड्रोन, रिमोट सेन्सिङ, GIS प्रणाली र डिजिटल वाटर म्यानेजमेन्ट प्रविधि प्रभावकारी साबित हुनसक्छ। जलस्रोतमा हुने प्रदूषण, कटान र अनियन्त्रित दोहनलाई डिजिटल निगरानी प्रणालीबाट कम गर्न सकिन्छ । प्रदेश सरकारले जल संरक्षणका लागि बजेट विनियोजनमा सुधार ल्याउन आवश्यक छ । जल परियोजनाहरूका लागि पर्याप्त आर्थिक स्रोत छुट्याएर दीर्घकालीन प्रभावकारी कार्यक्रम सञ्चालन गर्न सक्नुपर्छ । साथै, जल परियोजनाहरूमा स्थानीय समुदाय र निजी क्षेत्रको साझेदारीलाई प्रोत्साहन गर्नुपर्छ ।

जलस्रोत संरक्षणको सन्दर्भमा शिक्षा र अनुसन्धानको भूमिका पनि अत्यन्त महत्त्वपूर्ण छ । प्रदेश सरकारले विश्वविद्यालय, अनुसन्धान केन्द्र र विद्यालयहरूसँग समन्वय गरी जल व्यवस्थापनसम्बन्धी अध्ययन र अनुसन्धानलाई प्रोत्साहन गर्नुपर्छ। यसले दिगो समाधान र नवप्रवर्तनको आधार तयार गर्नेछ । प्रदेश सरकारले जलस्रोत संरक्षणमा समावेशी नीति बनाउनुपर्छ, जसले महिलाहरू, अल्पसङ्ख्यक समुदाय र बञ्चित वर्गहरूलाई पनि समेटोस् । यी समुदायहरू जलस्रोतको संरक्षण र व्यवस्थापनमा बढी सक्रिय र संवेदनशील हुन सक्छन् । सामाजिक समावेशीकरणले मात्र दिगो संरक्षण सम्भव हुन्छ ।

आर्थिक विकासका लागि जलस्रोतको दिगो उपयोग अपरिहार्य छ । कोशी प्रदेशमा जलविद्युत् उत्पादनमा लगानी बढाएर ऊर्जा सङ्कट कम गर्न सकिन्छ । यसले स्थानीय रोजगारी सिर्जना गर्नेछ र प्रदेशको समग्र आर्थिक विकासमा योगदान पुऱ्याउनेछ । जलविद्युत् आयोजना निर्माण गर्दा वातावरणीय मूल्याङ्कनलाई प्राथमिकता दिँदै संरक्षण र विकासको सन्तुलन कायम गर्न आवश्यक छ । कोशी प्रदेश सरकारले जलस्रोत संरक्षणमा सङ्घीय सरकार, अन्तर्राष्ट्रिय संस्था, र विकास साझेदारसँग पनि सहकार्य बढाउनु पर्छ । जल व्यवस्थापनका लागि आधुनिक प्रविधि, बजेट र दक्ष जनशक्ति प्राप्तिका लागि समन्वय अनिवार्य छ ।

अन्ततः जल सम्पदाको संरक्षण केवल प्रशासनिक काम होइन, सामाजिक, आर्थिक र सांस्कृतिक आन्दोलन पनि हो । प्रदेश सरकारले यसमा जनताको चेतना अभिवृद्धि गर्दै सबैलाई सहभागी बनाउनु पर्नेछ । पानीको संरक्षणमा व्यक्तिगत जिम्मेवारी र सामाजिक प्रतिबद्धता बढाउने काम जारी राख्नुपर्छ । यसरी कोशी प्रदेशको जलसम्पदा संरक्षण र सदुपयोगमा प्रदेश सरकारको भूमिका बहुआयामिक, चुनौतीपूर्ण र महत्त्वपूर्ण छ । नीति, प्रविधि, बजेट, जनसहभागिता र समन्वयका माध्यमबाट जलस्रोतको दिगोपना सुनिश्चित गर्नुपर्छ ।

जलस्रोत संरक्षणमा प्रदेश सरकारको सफलता केवल नीति बनाउनेमा सीमित हुँदैन । यसको सफल कार्यान्वयन, निरन्तर अनुगमन र सुधारमुखी व्यवस्थापन आवश्यक हुन्छ। यसका लागि क्षमतावृद्धि र संस्था सुदृढीकरण अत्यावश्यक छन् । कोशी प्रदेश सरकारले जल संरक्षणसम्बन्धी विभिन्न कार्यालय र संस्थाहरूलाई दक्ष जनशक्ति, प्रविधि र आवश्यक स्रोत प्रदान गर्नुपर्छ । जलस्रोत संरक्षणलाई प्रभावकारी बनाउन सहकार्य र समन्वयको महत्त्व अत्यन्त ठूलो छ । प्रदेश सरकार, स्थानीय तह, सङ्घीय सरकार, नागरिक समाज, निजी क्षेत्र र अन्तर्राष्ट्रिय निकायहरूबीच तालमेल र सहकार्यले मात्र दिगो संरक्षण सम्भव हुन्छ । प्रदेश सरकारले नियमित बैठक, कार्यक्रम समन्वय तथा सूचना आदान-प्रदानमार्फत् समन्वयलाई सुदृढ बनाउनु आवश्यक छ ।

जल प्रदूषण नियन्त्रण र नदी संरक्षणमा कानूनी कठोरता बढाउनु पर्दछ । अवैध उत्खनन्, निर्माण कार्य र फोहोर व्यवस्थापनमा कडाइ गरी जलस्रोतलाई बचाउनु पर्ने हुन्छ । जल संरक्षण ऐन र नियमहरूको प्रभावकारी कार्यान्वयन आवश्यक छ । प्रदेश सरकारले पुनः उपयोग र संरक्षण प्रविधिलाई प्रोत्साहन गर्नुपर्छ । वर्षाजल सङ्कलन, ग्रेवाटर पुनः प्रयोग र पानी बचत प्रविधिहरू गाउँघरमा प्रवर्द्धन गरिनुपर्छ । जलस्रोत संरक्षण र सदुपयोगका लागि आधुनिक प्रविधि ल्याउन आवश्यक छ ।

जल संरक्षणसँगै जलस्रोत आधारित पर्यटन विकासमा प्रदेश सरकारले लगानी र व्यवस्थापनमा ध्यान दिनुपर्छ । झरना, ताल, नदी किनारका सुन्दर स्थलहरूलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गरी आर्थिक आय आर्जन गर्न सकिन्छ । यसले स्थानीय जनताको जीवनस्तर सुधार गर्नेछ । प्रदेश सरकारले जलविद्युत् आयोजनामा वातावरणीय सन्तुलन कायम राख्न विशेष ध्यान दिनुपर्छ । जलविद्युत् परियोजनाको निर्माण र सञ्चालनले नदी प्रणालीमा पर्ने असरलाई कम गर्नु पर्नेछ । यसका लागि पर्यावरणीय मूल्याङ्कन, प्रभाव न्यूनीकरण योजना अनिवार्य हुनुपर्छ ।

जल संरक्षणका लागि जनचेतना अभिवृद्धि कार्यक्रम निरन्तर सञ्चालन गर्नुपर्छ । विद्यालय, सार्वजनिक स्थल र सञ्चार माध्यमहरूमार्फत् जल संरक्षणको सन्देश फैलाउनु पर्छ । जल संरक्षणसम्बन्धी कार्यमा सबै तहका नागरिकलाई जोड्न प्रदेश सरकारले पहल गर्नुपर्छ । कोशी प्रदेशले जलस्रोत संरक्षणमा दिगो विकासका लागि वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनमा लगानी गर्नुपर्छ । जलस्रोतको अवस्थाको अध्ययन, जोखिम मूल्याङ्कन र समाधानका उपायहरू शोध गर्न विश्वविद्यालय र अनुसन्धान संस्थाहरूसँग सहकार्य आवश्यक छ ।

प्रदेश सरकारले जल संरक्षणमा लक्षित बजेट व्यवस्था गर्नुपर्छ । आर्थिक स्रोत अभावले कार्यक्रम प्रभावित नहोस् भनेर बर्सेनि पर्याप्त बजेट विनियोजन गर्नुपर्छ । यसका साथै अनुदान र सहयोगका लागि अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य बढाउनु पर्छ । समग्रमा जल सम्पदा संरक्षणमा कोशी प्रदेश सरकारले केवल प्रशासनिक काम होइन, दिगो, समावेशी र वैज्ञानिक दृष्टिकोणबाट नीति निर्माण र कार्यान्वयन गर्न आवश्यक छ । जल संरक्षणका लागि समग्र समाजको सहभागिता आवश्यक छ र यसमा प्रदेश सरकारले नेतृत्व गर्नु आवश्यक छ ।

# एक्सपर्ट बास्केटबल हुने

विराटनगर *(ब्लाष्ट)* विद्यार्थीहरूको नेतृत्व, अनुशासन र सहकार्य प्रवर्धन गर्ने उद्देश्यसहित विराटनगर बास्केटबल एकेडेमीले 'एक्सपर्ट छैठौं विराटनगर बास्केटबल कप २०८२' आयोजना गर्ने भएको छ ।

विराटनगर बास्केटबल एकेडेमीले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा प्रतियोगिता साउन २३ गतेदेखि भदौ २१ गतेसम्म सञ्चालन हुने जानकारी गराएको छ । विद्यालयस्तरीय यो प्रतियोगितामा छात्रातर्फ ८ टिम र छात्र समूहमा ९ टिमको सहभागिता रहनेछ । छात्रा समूहमा सेन्टमेरिज स्कुल, बालकल्याण विद्यामन्दिर, अरनिको मा.वि., अर्पण मा.वि., आदर्श मा.वि., सगरमाथा मा.वि., एभरेष्ट मा.वि., सेन्ट जोसेफ मा.वि. रहेको छ ।

त्यसैगरी छात्र समूहमा बालकल्याण विद्या मन्दिर, ब्राइट फ्युचर मा.वि. सुन्दर हरैंचा, अरनिको मा.वि., सेन्टजोसेफ मा.वि., शिक्षादीप मा.वि., सगरमाथा मा.वि., अर्पण मा.वि., एभरेष्ट मा.वि., डिपिएस मा.वि. रहेको छ । कार्यक्रमका संयोजक त्रिलोक बास्तोलाका अनुसार प्रतियोगिता होम एण्ड अवे लिग फर्म्याटमा सञ्चालन हुनेछ । सहभागी टोलीहरूले एक अर्का विद्यालयमा गएर खेल्नु पर्नेछ । प्रतियोगिताको उद्घाटन खेल बालकल्याण विद्या मन्दिर स्कुलको कोर्टमा बिके भिएम र शिक्षादीप कलेजबीच हुनेछ । यसअघिको संस्करणमा छात्रातर्फको उपाधि अरनिको मा.वि. र छात्रतर्फको उपाधि बिके भिएमले जितेका थिए । विराटनगर बास्केटबल एकेडेमीका अध्यक्ष सरोज लम्सालले एक महिनासम्म चल्ने प्रतियोगितालाई सफल बनाउन विभिन्न विद्यालय, अभिभावक, खेलप्रेमीहरूको साथ र सहयोगको अपेक्षा राखेको बताए । उनले भने, "यो प्रतियोगिताले स्थानीय विद्यालयहरूका खेलाडीहरूलाई आफ्नो प्रतिभा देखाउने प्लेटफर्म प्रदान गर्नेछ ।"

# सर्वोत्कृष्ट विद्यार्थीहरूलाई मेरिल्याण्डको सम्मान

विराटनगर *(ब्लाष्ट)* विराटनगरस्थित मेरिल्याण्ड कलेजले कक्षा १२ को परीक्षामा ऐतिहासिक तथा सर्वोत्कृष्ट नतिजा ल्याउने आफ्ना विद्यार्थीहरूलाई भव्यताका साथ सम्मान गरेको छ ।

राष्ट्रिय परीक्षा बोर्डद्वारा सार्वजनिक नतिजामा व्यवस्थापन सङ्कायमा 'बोर्ड फस्ट' भएका दुई विद्यार्थीसहित उच्च जीपीए ल्याएर कलेजको गौरव बढाउने प्रतिभाहरूलाई कलेजले बिहीबार आयोजित एक विशेष समारोहमा पुरस्कृत तथा सम्मानित गरेको हो । कलेजका अनुसार राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको नतिजामा मेरिल्याण्डका विद्यार्थीहरू राजकुमार यादव र रिधमा कठेतले व्यवस्थापन सङ्कायमा ३.९६ जीपीए प्राप्त गरी 'बोर्ड फस्ट' बन्न सफल भएका छन् । यो सफलताले कलेजको शैक्षिक उत्कृष्टतालाई पुनः एकपटक प्रमाणित गरेको छ ।

कलेजका प्रिन्सिपल लक्ष्मण ढकालका अनुसार यस वर्ष परीक्षामा सहभागी कुल ६ सय ५६ जना विद्यार्थीमध्ये १ सय ३२ जनाले ३.६१ देखि ४ जीपीए पाएका छन् । त्यसैगरी २ सय ७३ जना विद्यार्थीले ३.२१ देखि ३.६० जीपीए र १ सय ९३ जनाले २.८० देखि ३.२० जीपीए ल्याएर उत्कृष्ट नतिजा हासिल गरेका छन् । यो नतिजाले मेरिल्याण्डलाई देशकै उत्कृष्ट कलेजहरूमध्ये एकको रूपमा स्थापित गरेको प्रिन्सिपल ढकालले बताए । उनले सबै सफल विद्यार्थीहरूलाई बधाई दिँदै उनीहरूको उज्वल भविष्यको कामना गरे ।

सम्मानित भएपछि बोल्दै उत्कृष्ट छात्रा मानस्वी अधिकारीले आफ्नो सफलताको श्रेय कलेजको शैक्षिक वातावरण र शिक्षकहरूको मार्गदर्शनलाई दिइन् ।

कार्यक्रममा कलेजका अध्यक्ष गुणराज ढुङ्गेलले विद्यार्थीहरूको सफलताले कलेज परिवार गौरवान्वित भएको बताउँदै उनीहरूको आगामी शैक्षिक यात्रा अझै सफल रहोस् भन्ने शुभकामना व्यक्त गरे । त्यसैगरी कलेजका निर्देशक भेषराज पोखरेल र डा. पिके झाले मेरिल्याण्ड कलेजले विद्यार्थीहरूलाई गुणस्तरीय र जीवनोपयोगी शिक्षा प्रदान गर्ने प्रतिबद्धतामा कहिल्यै सम्झौता नगरेका कारण आज यो सुखद् परिणाम प्राप्त भएको बताए ।

विगत लामो समयदेखि व्यवस्थापन सङ्कायमा अब्बल कलेजका रूपमा परिचित मेरिल्याण्डले विद्यार्थी र अभिभावकको बढ्दो मागलाई ध्यानमा राख्दै यसै शैक्षिक सत्रदेखि विज्ञान सङ्कायको पठन-पाठन पनि सुरु गरेको छ । कलेज व्यवस्थापनले विज्ञान सङ्कायमा पनि यस्तै उत्कृष्ट नतिजा ल्याउन र विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न आफूहरू पूर्णरूपमा कटिबद्ध रहेको जनाएको छ ।

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, धरान, सुनसरीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति: २०८२/०४/२३ गते शुक्रबारको ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनुभएको बिभिन्न शिर्षक अन्तरगतको ऋण कर्जा रकम चुक्ता भुक्तान गर्ने समयवधी समाप्त भईसक्दा पनि बैंकसंग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट कर्जा चुक्ता फछ्र्यौट गर्ने सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय धरान, सुसरीमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको शाखा कार्यालय धरान, सुनसरीमामा दिनको ठीक ३.०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको विवरण:**

**संयुक्त ऋणी** : कर्ण बहादुर खातीको नाती अशोक कुमार खातीको छोरा सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १५ बस्ने **अभिशेक खाती** (ना.प्र.नं. ०६/४८१५०, जारी मिति २०६७/१२/३०, जि.प्र.का. सुनसरी)........१ र धन बहादुर खातीको नाती कर्ण बहादुर खातीको छोरा झापा जिल्ला अर्जुनधारा गा.वि.स. वडा नं. २ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १५ बस्ने **अशोक कुमार खाती** (ना.प्र.नं. ६९७११६३५, जारी मिति २०४४/१२/२९, जि.प्र.का. झापा)......................१ समेत जना ........................(२)

| जमानतकर्ता : अनिश खाती | जमानतकर्ता : कुमारी खाती |
|---|---|
| (ना.प्र.नं. ०६/१९०, जारी मिति २०७०/०२/२९, जि.प्र.का. सुनसरी) ।<br>ठेगाना : सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १५ ।<br>बाबु : अशोक कुमार खाती ।<br>बाजे : कर्ण बहादुर खाती । | (ना.प्र.नं. १२७५७/०५६/५७, जारी मिति २०५६/०६/०९, जि.प्र.का. सुनसरी) ।<br>**ठेगाना :** सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १५ ।<br>बाबु : छविलाल विश्वकर्मा ।<br>पति : अशोक कुमार खाती । ससुरा : कर्ण बहादुर खाती । |

**ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

अशोक कुमार खातीको नाममा मालपोत कार्यालय धरान, सुनसरीमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला बाझगरा गा.वि.स वडा नं. १ नक्सा सिट नं. १/क) स्थित कित्ता नं. २७५४, २७५७, १३१६७, १३१६९, १३१७० र १३१७२ क्षेत्रफल क्रमश ०-०-६.५-०, ०-०-५.५-०, ०-०-२.५-०, ०-०-१.५-०, ०-०-०.२५-० र ०-०-०.७५-० (बिघा)को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत................१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोल पत्रफारम बैंकको प्रधान **कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय स्थित कर्जा असुली विभाग** धरानबाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिमलाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौमा स्थित कर्जा असुली विभाग र शाखा कार्यालय धरानमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

भर्ना खुल्यो !
NIT College मा
३-वर्षे स्वास्थ्य प्राविधिक विषयहरु :-
ल्याव टेक्निसियन (CMLT)
हेल्थ असिस्टेन्ट (HA)
डिप्लोमा इन फार्मेसी (DPH)
अनलाईन फारम भर्ने अन्तिम मिति: २०८२/०४/२६ गते सम्म
SEE उतिर्ण गरी न्युनतम २.० GPA प्राप्त गरेका विद्यार्थीहरुले अनलाइन मार्फत वा कलेजमा नै आएर समेत फारम भर्न सक्नेछन ।
थप जानकारीको लागी सम्पर्क
नेशनल ईन्स्टिच्यूट अफ् टेक्नोलोजी
(NIT College)
बरगाछी, अच्युतमिल, सप्तकोशी मार्ग, विराटनगर-४,
(धरान रोड देखी २०० मिटर पश्चिम)
9819349122, 9802754150, 9852028403

## वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको
## अनलाईन दरभाउपत्र रद्द गरिएको सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति: २०८२/०४/२३**

**यस प्रतिष्ठानलाई आवश्यक** Rent of Communication Center **र** Rent of Dental Canteen (IFB No.: BPKIHS/081/082/56) **र** (IFB No.: BPKIHS/081/082/58) **सेवाहरू सञ्चालन गर्न घर वहालको लागि मिति २०८२/०३/१५ गतेको ब्लाष्ट टाईम्स स्थानीय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम अनलाईन मार्फत प्राप्त सबै दरभाउपत्रहरू रद्द गरिएको व्यहोरा सम्बन्धित सबै लाई जानकारी गराईन्छ ।**

## धरान उपमहानगरपालिका वडा नं. १९ को हकदाबी सम्बन्धी ७ (सात) दिने सूचना

| | |
|---|---|
| पूर्वतर्फका संधियार जग्गाधनि | गोपाल कुमार श्रेष्ठ |
| पश्चिमतर्फका संधियार जग्गाधनि | टिका राई |
| उत्तरतर्फका संधियार जग्गाधनि | बाटो |
| दक्षिणतर्फका संधियार जग्गाधनि | हिरालाल श्रेष्ठ |

सुनसरी जिल्ला धरान उपमहानगरपालिका वडा नं. १९ स्थित दिपेन्द्र मार्ग लुप बस्ने श्री अमृत बहादुर लिम्बुको निजको नाममा दर्ता रहेको साविक घोपा ३, कित्ता नं. १६१ क्षेत्रफल ०-०-१५ भएको जग्गामा घर निर्माणका लागि निवेदन दिनु भएकोमा तपाई पूर्वतर्फका संधियार गोपाल कुमार श्रेष्ठ र पश्चिमतर्फका संधियार टिका राईको उपस्थिति नदेखिएकोले यो ७(सात) दिने सूचना प्रकाशित गरिएको छ । निजलाई घर निर्माणको लागि स्वीकृति दिँदा तपाईहरूको जग्गामा हानी नोक्सानी हुन्छ वा हुदैन ? यदि हुन्छ भने यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र सबुत प्रमाण लिई वडा कार्यालयमा उपस्थित हुन सूचित गरिन्छ । अन्यथा नियमानुसार भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| जग्गारहेको स्थान | जग्गाको कि.नं. | क्षेत्रफल | नक्सा दर्ता मिति | १५ दिने सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|
| धरान-१९ दिपेन्द्र मार्ग लुप | १६१ | ०-०-१५ | २०८२/४/२१ | २०८२/४/२२ | २०८२/५/४ |

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्था तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
इनरुवा, सुनसरी

## भूमि सुधार तथा मालपोत कार्यालय सुनसरीबाट जिल्ला मोरङ विराटनगर म.न.पा. वडा नं. ३ बस्ने ज्योति कुमार आचार्यका नाममा जारी भएको ३० दिने म्याद सरहको सार्वजनिक सूचना

वादी (मोही) रामधन चौधरीले जग्गाधनि/मोही प्रतिवादी तपाई ज्योति कुमार आचार्य नाउँमा दर्ता रहेको तपसिलका कित्ता जग्गाको वादी रामधन चौधरीले मोही नामसारी गरी पाँउ भनि यस कार्यालयमा मि.नं. ८२९ मिति २०८१/१२/१२ मा मुद्धा दिई तपाईका नाममा १५ (पन्ध्र) दिने म्याद जारी गरी पठाइएकोमा मिति २०८२/०२/१० मा घर दैलामा म्याद टाँस गर्न नदिएकोले सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा म्याद टाँस भई आएको उक्त मितिको तामेली प्रति म्याददबाट देखिई ऐनका म्याद भित्र कसैको प्रतिउत्तर पर्न नआएको हुँदा यस कार्यालयको मिति २०८२।०४।१४ को आदेश अनुसार विपक्षीको नाउँमा विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम म्याद सरहको ३० (तिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । फिरादकर्ता/उजुरकर्ताका माग बमोजिम कारवाही नहुने कारण भएमा स-प्रमाण म्यादभित्र आफैं वा कानुन बमोजिमको वारेश मुकरर गरी प्रतिउत्तर पठाउनुहोस् म्याद गुजारी बसेमा कानुन बमोजिम भई जानेछ र पछि तपाइको कुनै उजुर बाजुर नलाग्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

| जिल्ला | गा.पा | वार्ड नं. | कि.नं. | क्षेत्रफल | मोही |
|---|---|---|---|---|---|
| सुनसरी | बक्लौरी | २/घ | ५५ | ०-१७-१७ | मुसहरु चौधरी |

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्था तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
इनरुवा, सुनसरी

## भूमि सुधार तथा मालपोत कार्यालय सुनसरीबाट जिल्ला सुनसरी धरान उप.म.न.पा. वडा नं. १५ बस्ने खड्कराज लिम्बु र पवित्रा लिम्बुका नाममा जारी भएको ३० दिने म्याद सरहको सार्वजनिक सूचना

वादी (मोही) कमल चौधरीले जग्गाधनि/मोही प्रतिवादीहरु तपाई खड्कराज लिम्बु र पवित्रा लिम्बुका नाउँमा दर्ता रहेको तपसिलका कित्ता जग्गाको वादी कमल चौधरीले मोही नामसारी गरी पाउँ भनि मि.नं. ८६८ मिति २०८२/१/११ मा मुद्धा दिई तपाईहरु खड्कराज लिम्बु र पवित्रा लिम्बुका नाममा १५ (पन्ध्र) दिने म्याद जारी गरि पठाउँदा तपाईहरुको नामको म्याद मिति २०८२।०२।२७ मा घरद्धार परिवार फेला नपरेको भनी वेपत्ते व्होराले म्याद तामेल भई आएको प्रतिउत्तर पर्न नआएको हुँदा यस कार्यालयको मिति २०८२।४।१४ को आदेश अनुसार विपक्षीको नाउँमा विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम म्याद सरहको ३० (तिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । फिरादकर्ता/उजुरकर्ताका माग बमोजिम कारवाही नहुने कारण भएमा स-प्रमाण म्यादभित्र आफैं वा कानुन बमोजिमको वारेश मुकरर गरी प्रतिउत्तर पठाउनुहोस् म्याद गुजारी बसेमा कानुन बमोजिम भई जानेछ र पछि तपाइको कुनै उजुर बाजुर नलाग्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

| जिल्ला | गा.पा/न.पा | वार्ड नं. | कि.नं. | क्षेत्रफल | मोही |
|---|---|---|---|---|---|
| सुनसरी | इटहरी | ४/घ | २३४ | ०-१-० | चौठी चौधरी |

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
CTEVT द्वारा सम्बन्धन प्राप्त तथा बिजयपुर हस्पिटल प्रा.लि. धरान बाट संचालित
बिजयपुर टेक्निकल इन्ष्टिच्यूट प्रा.लि.
BIJAYAPUR TECHNICAL INSTITUTE PVT. LTD.
Dharan-1, Prithivipath, Sunsari
संचालित कार्यक्रमहरु:
General Medicine (H.A) (सामान्य चिकित्सा)- ३ वर्षे
Diploma in Pharmacy (D. Pharmacy) (डिप्लोमा फार्मेसी)-३ वर्षे
Certificate in Medical Labrotary Technology (CMLT) (प्रमाणपत्रतह मेडिकल ल्याबरोटरी टेक्नोलोजी)-३ वर्षे
फारम भर्ने अन्तिम मिति: २०८२/04/२५ सम्म
नोट: १०० बेड संख्या भएको आफ्नै निजी अस्पतालमा प्रयोगात्मक अभ्यास गराईने ।
३ वर्षे प्राविधिक स्वास्थ्य कार्यक्रम अध्ययन पश्चात १० + २ गर्न नपर्ने ।
सम्पर्क नं.:-
9852056404, 9852049404, 9852061019, 9820700060
025-576490, 538490, 579490
bijayapurtechnical@gmail.com - bijayapurhospital@gmail.com

## छथर जोरपाटी गाउँपालिकाको सूची दर्ता सम्बन्धी सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८२।०४।२२*

यस छथर जोरपाटी गाउँपालिकाले चालू आर्थिक वर्ष २०८२/०८३ का लागि विभिन्न सेवा, आपूर्ति, निर्माण कार्य तथा परामर्श सेवा प्रवाह गर्न इच्छुक व्यक्ति, फर्म, कम्पनी तथा संस्थाहरूलाई सूची दर्ता गर्न सकिने व्यवस्था गरिएको छ । सूची दर्ता गर्न इच्छुक फर्म/कम्पनी/संस्थाहरूले निम्न विवरणहरू सहित छथर जोरपाटी गाउँपालिकाको सूची दर्ता प्रणालीमा आबद्ध हुन आवश्यक विवरणहरू भरी सूचीकरण प्रक्रिया सम्पन्न गर्न सकिनेछ ।

सूची दर्ता अवधिः- २०८२/०४/२२ देखि २०८३ को आषाढ मसान्तसम्म
सूची दर्ता दस्तुरः- निःशुल्क
सूची दर्ता गर्ने तरिकाः- आवश्यक कागजातहरू तथा अन्य जानकारी गाउँपालिकाको वेयवसाईटमा व्यवस्था गरिएको छ ।

सम्पर्कः-
खरिद एकाइ, छथर जोरपाटी गाउँपालिका
फोनः ०२६-४०४१९५/०२६-४०४१९६
इमेलः chhatharjorpatigapa@gmail.com

खरिद एकाइ
छथर जोरपाटी गाउँपालिका







## आजको राशिफल



श्री शालवाहनीय शाके १९४६ ने.सं. ११४५ वि.सं. २०८२ साल साउन २३ गते शुक्रबार, ८ अगष्ट २०२५, सिद्धार्थीनाम संवत्सर। श्रावण शुक्लपक्षको चतुर्दशी तिथि १३:४४ बजेसम्म, उप्रान्त पूर्णिमा, नक्षत्र उत्तराषाढा १५:०७ बजेसम्म, उप्रान्त श्रवण, चन्द्रमा राशि मकर, सूर्योदय ०५:३१ बजे र सूर्यास्त ०६:४६ बजे हुनेछ ।

ज्यो.पं: मोहन घिमिरे
मो.नं: ९८१०४२५२५१

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ। व्यवसायमा पनि प्रशस्तै लाभ हुनेछ।

**वृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुहोला। धर्म, कर्म तथा परोपकारी काममा प्रवृत्त भइएला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
विशेष काममा जग बसाउन सकिनेछ। भौतिक साधन जुट्नेछन् । दिगो फाइदा हुने काम सुरु हुनसक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
परिबन्दले समस्या निम्त्याउन सक्छ। गोपनीयता बाहिरिनाले समस्या पर्नेछ। आहारविहारमा सजग रहनुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
चुनौतीभित्र अवसर खोज्ने समय छ। जटिल काम गर्नुपरे पनि प्रयत्न गर्दा सकारात्मक सङ्केत प्राप्त हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
आयस्रोत अलि कमजोर बन्नेछ भने फजुल खर्च पनि बढ्न सक्छ।दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)**
व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ। मित्रहिनेतले जीवनशैलीमा राम्रो परिवर्तन ल्याउनेछ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ। आफन्तहरूको साथले आशा जगाउनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
सुखद् र रमाइलो यात्रा हुनेछ । काम बन्नाले उत्साह जाग्नेछ । प्रतिस्पर्धामा विजयी भइनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। खर्च लागे पनि हिम्मत गर्दा जटिल कामसमेत सम्पादन हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
पुरुषार्थले शत्रुको मनोबल कमजोर पार्न सकिनेछ। विरोध गर्नेहरूले नै मित्रताका हात अघि बढाउनेछन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। लगनशीलताले परिस्थितिलाई बदल्नेछ। लाभ हुने काम प्रारम्भ हुनेछ।